# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।११ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला बारा, साविक भतौडा गा.वि.स. वडा नं. २ को कित्ता नं. २८८ क्षेत्रफल ०-५-१ ऐ.ऐ. कित्ता नं २९० क्षेत्रफल ०-०-१५ जग्गा मालपोत कार्यालय बाराबाट मिति २०७४।०७।२६ मा र.नं. ३९२८।१ रजिष्ट्रेशन लिखित पारित गर्ने क्रममा उक्त जग्गामा कम्पाउन्ड वाल सहितको पक्की घर टहरा र उक्त जग्गा वीरगञ्ज कलैया हुलाकी सडकमा भएकोमा बाटोसँग नजोडिएको र घर नभएको भनी सिफारिस गराई राजस्व छली गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला बारा साविक भतौडा गा.वि.स हाल कलैया उपमहानगरपालिका वडा नं. २ को कित्ता नं. २८८ क्षेत्रफल ०-५-१ को जग्गामा चारै तर्फबाट कम्पाउन्ड भएको सो कम्पाउन्ड भित्र पुरानो जीर्ण अवस्थामा पक्की घर टहरा रहेको, कुनै किसिमको बाटोसँग नजोडिएको र कित्ता नं. २९० क्षेत्रफल ०-०-१५ को जग्गामा कुनै किसिमको घर टहरा नरहेको, कलैया विरगञ्ज हुलाकी राजमार्ग पिच बाटोसँग जोडिएको। उल्लिखित कित्ता नम्बरहरू एक आपसमा जोडिएको नापी कार्यालय, कलैया, बाराले पेस गरेको सर्जिमिन मुचुल्का र फिल्ड प्रतिवेदनबाट खुल्न आएको देखिएबाट उक्त कित्ताहरूको सम्पत्तिमा घर तथा बाटो रहेको देखिएको, कलैया उपमहानगरपालिकाको मिति २०८२।०९।११ गतेको पत्रबाट समेत उक्त जग्गाहरू आ.व. २०७४।०७५ को न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लिखित ब्यारेकदेखि सिसहनिया चोक भित्रपर्ने भनी खुल्न आएको देखिएको र आ.व. २०७४।०७५ मा न्यूनतम मूल्याङ्कन पुस्तिकामा मूल्य प्रतिकठ्ठा रू.१३,००,०००।—रहेको देखिएको, जग्गाधनी रौफ मिया मन्सुरले हिरालाल प्रसादलाई मिति २०७४।०७।२६ मा राजीनामा लिखत पारित गरी बेचेको कुल ज.वि. ०-५-१६ जग्गाको न्यूनतम मूल्याङ्कन रू.७५,४०,०००।—देखिनु र कित्ता नं. २८८ को जग्गामा रहेको पक्की घर कम्पाउडको आ.व. २०७४।०७५ बमोजिमको न्यूनतम मूल्याङ्कन रू.२४,०८,९२०।०२ गरी न्यूनतम मूल्याङ्कन **रू.९९,४८,९२१।—**हुनुपर्ने र किनबेच गर्दा घर जग्गा रजिष्ट्रेशन दस्तुर **रू.४,४७,७०१।४५** एवं पुँजीगत लाभकर **रू.३,७७,०००।—**गरी जम्मा राजस्व **रू.८,२४,७०१।४५** प्राप्त हुनुपर्ने देखिंदा उल्लिखित न्यूनतम मूल्याङ्कन रू.९९,४८,९२१।—हुने सम्पत्तिमा प्रतिवादीहरूको मिलेमतोमा घर/बाटो भएकोमा गलत विवरण सहितको सिफारिसमा **"सिसहनीयादेखि उत्तरतर्फ कुनै किसिमको बाटोसँग जोडिएको छैन साथै यसमा घरसमेत नभएको"** भनी वडा नं. ३ बाट गलत लिखत तयार गरी गराई भूमिसुधार तथा मालपोत कार्यालय बारामा पेस गरी गराई उक्त सम्पत्तिको न्यूनतम मूल्याङ्कन रू.५,५०,०००।— बराबरको थैली रकम कायम गरे गराएको देखिएको, यसरी प्रतिवादीहरूको मिलेमतोमा बदनियत राखी तयार गरेको गलत लिखतको आधारमा मालपोत कार्यालय बारा कलैयाको आ.ब. २०७४/०७५ को न्यूनतम मूल्याङ्कन पुस्तिका बमोजिम राजीनामा लिखतमा वास्तविक भन्दा कम थैली रकम कायम भई सम्पत्ति किनबेच जग्गा खरिदकर्ता हिरालाल प्रसादले **रू.१,३०,०५०।—**मात्र राजस्व दाखिला गरे गराएको देखिएकोले प्रतिवादीहरू जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं. ३ का तत्कालीन वडा अध्यक्ष म.जलालुदिन मंसुर, तत्कालीन वडा सचिव रघु प्रसाद सहनी गोढी, जग्गा खरिदकर्ता

हिरालाल प्रसाद र जग्गा बिक्रीकर्ता रौफ मिया मन्सुरसमेतको आपसी मिलेमतोमा आफू समेतका प्रतिवादीहरूलाई लाभ र नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि पुऱ्याउने बदनियतले रू.६,९४,६५१।४५ (छ लाख चौरानब्बे हजार छ सय एकाउन्न रूपैया पैतालीस पैंसा) हिनामिना, हानिनोक्सनी तथा मासेको तथ्य स्थापित भएकोले निजहरूलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं. | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १ | जिल्ला बारा, कलैया उपमहानगरपालिका वडा नं.३ का तत्कालीन वडा अध्यक्ष **म.जलालुदिन मंसुर** र तत्कालीन वडा सचिव **रघु प्रसाद सहनी गोढी** | जनही रू.६,९४,६५१।४५ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू. छ लाख चौरानब्बे हजार छ सय एकाउन्न रूपैयाँ पैतालीस पैंसा कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन गलत लिखत तयार गरी गराई प्रमाणित सिफारिस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरसमेत गरेकोले सोही ऐनको दफा ९ बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिइएको छ। |
| २ | जग्गा बिक्रीकर्ता **रौफ मिया मन्सुर** | रू.३,७७,०००।— | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरजन्य कार्य गर्ने राष्ट्रसेवक मुख्य कसूरदारहरूको मिलेमतोमा नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर भएको हुँदा बिगो रू. तीन लाख सतहत्तर हजार कायम गरी मुख्य कसूरदारहरूलाई सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई सोही ऐनको दफा ९ बमोजिम हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

| | | | |
|---|---|---|---|
| ३ | जग्गा खरिदकर्ता **हिरालाल प्रसाद** | रू.३,१७,६५१।४० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्य गर्ने राष्ट्रसेवक मुख्य कसूरदारहरूको मिलेमतोमा कसूरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा बिगो रू. तीन लाख सत्र हजार छ सय एकाउन्न रूपैया चालीस पैसा कायम गरी मुख्य कसूरदारहरूलाई सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसूरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरूलाई सोही ऐनको दफा ९ बमोजिम हुने सजायलाई आधार लिई सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्याश बमोजिम मुख्य कसूरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने